# ललितपुर महानगरपालिका

## 𑐫𑐮 𑐩𑐴𑐵𑐣𑐐𑐬𑐥𑐵𑐮𑐶𑐎𑐵

# स्थानीय राजपत्र

ललितपुर महानगरपालिकाद्वारा प्रकाशित

वर्ष १०, ललितपुर, आषाढ ३२ गते, २०८३ साल, अतिरिक्ताङ्क १

## भाग - १

# ललितपुर महानगरपालिका

## अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८३

**प्रस्तावनाः**

ललितपुर महानगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त स्थानीय कर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा आय संकलन गर्न प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ उपधारा (२) बमोजिम ललितपुर महानगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**

(१) यस ऐनको नाम "ललितपुर महानगरपालिकाको आर्थिक ऐन,२०८३" रहेको छ।

(२) यो ऐन २०८३ साल श्रावण १ गते देखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "महानगरपालिका" भन्नाले ललितपुर महानगरपालिका सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(ग) "चर्चेको जग्गा" भन्नाले नक्सा पास गर्दाको बखतमा समावेश भएका कित्ताहरु समेतको जग्गा सम्झनु पर्दछ।

**३. <u>सम्पत्ति करः</u>**

महानगरपालिका क्षेत्र भित्र रहेका घर, टहरा तथा भवनहरु, सो ले चर्चेको जग्गामा आ.व. २०७४/०७५ सम्म घरजग्गा कर र आ.व. २०७५/०७६ देखि अनुसूची-१ बमोजिम सम्पत्ति कर असुल उपर गरिनेछ।

(१) सम्पत्ति कर बुझाउनका लागि शुरुको मूल्याङ्कन तथा कर निर्धारण महानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट र नवीकरण सम्बन्धित वडा कार्यालयबाट गरिनेछ।

(२) एकै व्यक्ति अथवा संघ संस्थाको नाममा यस महानगरपालिका भित्र रहेका भवनहरु संयुक्त मूल्याङ्कन गरी कर निर्धारण गरिनेछ।

(३) सम्पत्ति कर तिर्ने दायित्व सम्पत्ति धनीको हुनेछ। तर व्यावसायिक प्रयोजनको लागि भएमा करारनामा उल्लेख भए बमोजिम हुनेछ।

(४) अपार्टमेन्ट भवनको हकमा फ्ल्याट बिक्रीको आधारमा फ्ल्याटको क्षेत्रफल बराबर हुने गरी १:१ अनुपातमा मूल्याङ्कन गरी बिक्री पश्चात बिक्री भएको फ्ल्याटको क्षेत्रफल अनुरुप जग्गाको क्षेत्रफल घटाई सोहि बमोजिम साविक मूल्याङ्कन हुने मितिदेखि नै लागू हुने गरी सम्पत्ति कर मूल्याङ्कन गरिनेछ।

(५) नक्शा पास गरेको दुई वर्ष ननाघेको निर्माणाधीन भवनमा बहाल वा व्यवसाय दर्ता गर्नका लागि निवेदन पेश भएमा प्राविधिक प्रतिवेदनको आधारमा सम्बन्धित वडा कार्यालयको सिफारिश अनुसार सम्पत्ति कर मूल्याङ्कन गरी असुली गरिनेछ।

(६) महानगरपालिकाको स्वीकृत नक्शा पास बिना निर्माण भएका घर/टहरा तथा भवन लगायतका संरचनाहरुको सम्पत्ति कर मूल्याङ्कन गर्दा संरचना र जग्गाको क्षेत्रफल सम्बन्धमा प्राविधिक प्रतिवेदन सहित सम्बन्धित वडा कार्यालयबाट खुलाई पठाईएको सिफारिशका आधारमा नक्शा पास

गर्दा लाग्ने दस्तुरको तेब्बर दस्तुर लिई सम्पत्ति मूल्याङ्कन गरी सम्पत्ति कर असुल उपर गरिनेछ ।यसरी एकपटक कर मूल्याङ्कन गरिसकेपछि एकाघर परिवार भित्र मृत्युपछिको नामसारी, बकसपत्र, अंशबण्डा, अदालतको फैसला, छोडपत्र लगायत अन्य कानुनी प्रकृया आदि तरिकाबाट हकहस्तान्तरण भएकोमा पुनश्च यस बमोजिमको कर लाग्ने छैन। तर एकाघर भित्र पनि राजीनामा, लिलाम सकार भई आएको अवस्थामा र अन्यको हकमा हस्तान्तरण भएकोमा तेब्बर दस्तुर लिई सम्पत्ति मूल्याङ्कन गरिनेछ तर नक्शा पास भएको मानिने छैन।प्रचलित कानुन बमोजिम नक्शा नियमित /नक्शा अभिलेखीकरण हुँदाका बखत उक्त दस्तुर मिलान गरिनेछ।

(७) नेपाल सरकार, प्रदेश सरकार वा महानगरपालिकाबाट स्वीकृति लिई निर्माण भएका संयुक्त आवास/ सामुहिक आवास (अपार्टमेन्ट/ हाउजिङ) मा सामुहिक उपभोगमा रहने क्षेत्रहरु (बेसमेन्ट, बगैंचा,

पार्किङ, सडक क्षेत्र) को स्वामित्व सम्बन्धित व्यवस्थापन समितिलाई हस्तान्तरण भईसकेपछि सोको दायित्व सोही समितिले नै लिनुपर्ने हुँदा उक्त क्षेत्रहरुमा सम्पत्ति कर लगाइने छैन। तर अन्य संरचनाहरु जस्तै: सामुदायिक भवन, स्विमिङ पुल, स्टोर, पुस्तकालय, जिम हल, क्लब हाउस, डिपार्टमेन्टल स्टोर आदिको व्यवसायिक प्रयोजन भएमा सोको सम्पत्ति कर सम्बन्धित व्यवस्थापन समितिले बुझाउनु पर्नेछ।

४. **भूमिकर (मालपोत):**

महानगरपालिका क्षेत्र भित्र घर निर्माण नभएको खाली जग्गाको अनुसूची-२ बमोजिम भूमिकर (मालपोत) असुल उपर गरिनेछ। आ.व. २०७५/०७६ देखि सम्पत्तिकरमा समावेश भएका जग्गाहरुको भूमिकर लाग्ने छैन।

५. **घर/जग्गा वहाल कर:**

(१) महानगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति, फर्म, कम्पनी, उद्योग वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा,

पोखरी वा अन्य सम्पत्ति पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची-३ वा घरधनीले चलनचल्ती अनुसार स्वःघोषणा गरेको वा सम्झौता गरेको भए सम्झौता अनुसारको रकममा १०(दश) प्रतिशत बहाल कर असुल गरिनेछ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि घर/जग्गा बहाल कर चालु आर्थिक वर्ष भित्र चुक्ता गर्नुपर्नेछ।

(३) बहाल सम्बन्धी सम्झौतामा अवधि खुलाइएको हुनुपर्नेछ। मासिक बहाल रू. २०,०००/- भन्दा बढीको हकमा सम्झौता पत्र अनिवार्य पेश गर्नुपर्नेछ।

(४) कम्पनीको नाममा भएको भवनमा स्वयं कम्पनी संचालक भएमा बहाल कर लाग्ने छैन। तर घरधनी कम्पनीको संचालक भएमा बहाल कर बुझाउनु पर्नेछ।

(५) घर/जग्गाधनीसंग सम्झौता गरी बहालमा लिएको स्थानको बहाल कर घर/जग्गाधनी र दोश्रो पक्ष बीच भएको सम्झौतामा उल्लेख भए बमोजिम बहाल कर लाग्नेछ। यदी दोश्रो

पक्षले उक्त घर/जग्गा तेश्रो पक्षलाई बहालमा दिएमा उक्त दोश्रो पक्ष र तेश्रो पक्ष बीचको सम्झौतामा उल्लेख भए बमोजिमको रकमको बहाल कर तेश्रो पक्षले पनि बुझाउनु पर्नेछ। यसै क्रममा अन्य पक्षसंग सम्झौता भएमा पनि बहाल कर सोही बमोजिम बुझाउनु पर्नेछ।

(६) महानगरपालिका क्षेत्रभित्रका करदाताहरुले आफ्नो बहाल आयमा थपघट भएमा वा बहालमा नलागेको/छोडेको अवस्थामा सो भएको ३५ दिन भित्र सम्बन्धित वडामा निवेदन दिई अभिलेखबाट हटाउनु पर्नेछ। विशेष कारणबस बहालमा नरहेको जानकारी ३५ दिन भित्र गराउन नसकेको अवस्थामा कारण सहित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ। यसरी निवेदन पर्न आएमा वडा कार्यालयले स्थलगत सर्जमिन मुचुल्का समेतको आधारमा बहाल रहे/नरहेको सम्बन्धमा मिति समेत यकीन गर्ने र बाँकी बक्यौता रकम असुल गरी अभिलेखबाट हटाउनु पर्नेछ।

(७) घर बहाल कर सम्झौता बमोजिम मासिक, त्रैमासिक, अर्धवार्षिक वा वार्षिक रुपमा बुझाउन सकिनेछ।

(८) बहाल सम्बन्धी अन्य व्यवस्था घरजग्गा बहाल कर व्यवस्थापन कार्यविधि, २०८० बमोजिम हुनेछ।

६. **व्यवसाय कर:**

(१) महानगरपालिका क्षेत्रभित्र संचालन हुने व्यापार, व्यवसाय वा सेवामा अनुसूची -४ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

(क) ललितपुर महानगरपालिकामा दर्ता भई नविकरण हुन बाँकी उद्योग व्यवसायहरुको हकमा चालु आ.व.२०८३/०८४ को पौष मसान्त भित्र सम्पूर्ण बक्यौता रकम चुक्ता गरेमा आ.व. २०७३/०७४ सम्मको सम्पूर्ण व्यवसाय कर, बहाल कर र जरिवाना छुट हुनेछ । आधार वर्ष आ.व. ०७४/०७५ देखि आ.व. ०८२/०८३ सम्मको

व्यवसाय करको जरिवानामा शत प्रतिशत छुट हुनेछ ।तोकिएको समय भित्र बक्यौता रकम चुक्ता नगरेमा उक्त छुट सुविधा उपलब्ध हुने छैन साथै बक्यौता रकममा नियमानुसार जरिवाना सहित व्यवसाय र बहाल कर असुल उपर गरिनेछ। अन्य सरकारी निकायहरुमा दर्ता भै संचालनमा रहेका तर यस कार्यालयमा दर्ता नभएका उद्योग व्यवसायहरुको हकमा यसै दफा बमोजिम हुनेछ ।

(ख) विभिन्न सरकारी निकायमा दर्ता भै कुनै कारोबार नभएका/निश्क्रिय रहेका फर्म/कम्पनी/व्यवसायको हकमा फर्म/कम्पनी/व्यवसाय बन्दको लागि सिफारिश माग भै आएमा चालु आ.व. २०८३/०८४ को मात्र व्यवसाय कर लिई व्यवसाय बन्दको लागि सिफारिश गरिनेछ। यसका लागि कम्पनी ऐन अन्तर्गत दर्ता भई निश्क्रिय रहेका

फर्म / कम्पनीको हकमा दर्ता मिति देखिको लेखा परिक्षण प्रतिवेदन र अन्य व्यवसायका हकमा वडा सर्जमिन मुचुल्का वा आन्तरिक राजस्व कार्यालयबाट विगत ३ वर्ष देखि शून्य कारोबार रहेको प्रमाण पेश गर्नुपर्नेछ । यदी झुठा विवरण पेश गरी सोही व्यवसाय संचालनमा रहेको पाइएमा आधार वर्ष आ.व. २०७४/०७५ देखि नै जरिवाना सहित व्यवसाय, बहाल कर असुल उपर गरिनेछ।

(ग) विदेशी नागरिकको नाममा व्यवसाय दर्ता गराउनु पर्ने भएमा रू. २५,०००/-(पच्चिस हजार रुपैया ) धरौटी राख्न लगाई मात्र व्यवसाय दर्ता गरिनेछ।

(घ) उद्योग, ग्रिल, फर्निचर व्यवसाय, वर्कशप, डान्सवार रेष्टुरेन्ट, स्पा, मसाज सेन्टर, कवाडी व्यवसाय, पशुपन्छी पालन जस्ता मानव तथा वातावरणसंग प्रत्यक्ष सरोकार राख्ने

व्यवसायहरुलाई संधियारको समेत संलग्नतामा स्थलगत सर्जमिन मुचुल्का गराई मात्र व्यवसाय दर्ता गरिनेछ।

(ङ) उद्योग, व्यवसाय, संघ संस्था, दर्ता / ठाउँसारी गर्ने समयमा घर बहालमा रहेकाहरुले घरधनीको सम्पत्ति कर तिरेको प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्ने साथै आफ्नै घर भएमा सम्पत्ति कर चुक्ता भएको प्रमाण पेश गर्नुपर्नेछ। तर जग्गाधनी प्रमाणपुर्जा र भोगाधिकार नभएको घर/जग्गा, गुठी, क्लब, सामुदायिक एवं सार्वजनिक जग्गा तथा सरकारी भवन आदिमा सञ्चालन भएको व्यवसायको दर्ता/ ठाउँसारी गर्न सम्पत्ति कर चुक्ता प्रमाण नभए तापनि बाधा पर्ने छैन। तर बहालकर अनिवार्य रुपमा बुझाउनु पर्नेछ।

(च) करदाताको निवेदन अनुसार व्यवसाय बन्द/ठाउँसारी गर्नका लागि

सिफारिश लिइसकेको अवस्थामा उक्त व्यवसाय पुनःसोही स्थानमा सञ्चालन गर्नु पर्ने भएमा नयाँ व्यवसाय सरह दर्ता गर्नु पर्नेछ।

(छ) प्रचलित कानुन विपरितको कारोबार गरेमा वा पेशा / व्यवसाय सञ्चालन सम्बन्धमा कार्यालयले दिएको निर्देशन बारम्बार उलङ्घन गरेमा व्यवसायको दर्ता खारेजी गरी बाँकी बक्यौता कर र जरिवाना बाँकी बक्यौता सरह असुल उपर गरिनेछ।

(ज) यस महानगरपालिका क्षेत्र भित्र सञ्चालन हुने/भएका लघु घरेलु र साना उद्योगको दर्ता/ नवीकरण/ खारेजी/ नियमन/प्रवर्द्धन र व्यवस्थापन सम्बन्धमा औद्योगिक व्यवसाय नियमन तथा प्रवर्द्धन ऐन, २०८० बमोजिम हुनेछ।

(झ) ललितपुर महानगरपालिकाको संस्था दर्ता ऐन, २०८० बमोजिम महानगरपालिका क्षेत्र भित्र संचालित

संघ, संस्थाको दर्ता/नवीकरण गरिनेछ र यसरी दर्ता भएको संघ संस्थाको र अन्य सामाजिक संस्था / एन.जि.ओ आ.एन.जि.ओ / मुनाफा वितरण नगर्ने कम्पनी आदिको दर्ता /नवीकरण शुल्क अनुसूची -१० बमोजिम हुनेछ।

(ञ) आ.व. २०७१/०७२ भन्दा अगाडि अन्य सरकारी निकायमा जुनसुकै मितिमा दर्ता भएको भए तापनि यस महानगरपालिकामा संघ संस्था दर्ता गर्दा आ.व. २०७१/०७२ लाई आधार वर्ष मानी अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदनमा उल्लेख भएको कारोवारको आधारमा आर्थिक ऐनको अनुसूची -१० बमोजिम शुल्क लिई संस्था दर्ता/नवीकरण गरिनेछ।

(ट) खेलकुद सम्बन्धी संस्था दर्ताको लागि जिल्ला खेलकुद विकास समितिमा दर्ता भएको प्रमाण पत्र पेश गर्नुपर्नेछ ।

७. **जडिबुटी, कवाडी र जीवजन्तु कर:**

महानगरपालिकाले जडिबुटी, कवाडी र जीवजन्तु कर अनुसूची -५ बमोजिम कर लगाइने र असुल उपर गर्न सक्नेछ।

८. **सवारी साधन कर :**

सवारी साधनहरुको कर प्रदेश सरकारबाट सङ्कलन गरी प्रदेश कानुन बमोजिम बाँडफाँट हुनेछ ।

९. **विज्ञापन कर :**

(१) संकलित विज्ञापन कर प्रदेश कानुन बमोजिम बाँडफाँट हुनेछ ।

(२) ललितपुर महानगरपालिका क्षेत्र भित्रका सार्वजनिक स्थान, विद्युतीय पोल, रोड डिभाईडर, सडकपेटीमा अनाधिकृत रुपमा राखिएका जुनसुकै प्रकारका व्यवसायिक विज्ञापन सामाग्रीहरु हटाई नियमानुसार जरिवाना असुल उपर गरिनेछ।

(३) महानगरपालिका क्षेत्र भित्रका विश्व सम्पदा सूचीमा सूचीकृत भएका ऐतिहासिक सम्पदा क्षेत्रको २०० मिटर भित्र यस महानगरपालिकामा दर्ता भएका

व्यवसायहरुको ३० वर्ग फिट सम्मको परिचयपाटी बाहेक कुनै पनि प्रकारका विज्ञापन सामग्री राख्न पाइने छैन।

(४) यस महानगरपालिकामा दर्ता भएको उद्योग, व्यवसाय, संघ, संस्थाले आफ्नो व्यवसायको नाम मात्र उल्लेखित ३० वर्ग फिट सम्मको एक थान मात्र परिचयपाटी निःशुल्क राख्न पाइनेछ । सो भन्दा बढी साईज भएको परिचयपाटीको हकमा ३० वर्ग फिट घटाई बाँकी हुन आउने वर्ग फिटमा विज्ञापन कर लाग्नेछ। तर उक्त बोर्डमा व्यवसायिक विज्ञापन गरेमा वा स्क्रोलिङ बोर्ड राखेमा पुरै परिचयपाटीमा अनुसूची-६ बमोजिम विज्ञापन कर लाग्नेछ।

(५) विज्ञापन वा प्रचार सामग्री स्वीकृति नलिई राख्न निषेध गरिएको छ।

(६) निषेध गरिएका स्थान बाहेक अन्य क्षेत्रको भवन वा घरमा २०० वर्ग फिट भन्दा बढी साइजको विज्ञापन वोर्ड राख्न अनुमति लिन निवेदन दर्ता/नवीकरण गर्दा बोर्ड राख्न उपयुक्त भए/नभएको सम्बन्धमा वडा कार्यालयबाट प्राविधिक प्रतिवेदन सहितको

सिफारिश, बोर्ड राख्ने घरधनीसंगको सम्झौता र घरधनीले सम्पत्ति कर, बहाल कर तिरेको प्रमाण पत्रको प्रतिलिपी संलग्न गरी निवेदन पेश गर्नुपर्नेछ। माग अनुसार बोर्ड राख्ने अनुमति महानगरपालिकाको निर्णयानुसार राजश्व महाशाखाबाट दिइनेछ ।

(७) यस महानगरपालिकामा नियमानुसार दर्ता भएका तर नियमित रुपमा विज्ञापन कर नबुझाएका कम्पनी व्यवसायीहरुलाई महानगरपालिकाको अभिलेखको आधारमा नियमानुसार कारवाही गर्ने, नामावली सार्वजनिक गर्न सकिनेछ। साथै यस्ता व्यवसायीहरुले महानगरपालिकाबाट प्रदान गरिने सेवा लिन आउँदा बाँकी बक्यौता कर चुक्ता नगरे सम्म कुनै पनि सेवा उपलब्ध गराइने छैन ।

(८) अनाधिकृत रुपमा राखिएका र विज्ञापन कर नतिरेको बोर्ड हटाउने कार्य नगर प्रहरी बलबाट गरिनेछ ।

(९) ललितपुर महानगरपालिकाको सुन्दरता, स्वच्छता, जनसुरक्षालाई समेत मध्यनजर गरी विज्ञापन गर्ने स्थान, विज्ञापन प्रचार

सामाग्रीको प्रकार, साइज निर्धारण, विज्ञापन कर आदि सम्बन्धमा अध्ययन गरी नीति तर्जुमा सहित कार्यान्वयन गरिनेछ ।

(१०) नेपाल सरकार र प्रदेश सरकारको नीति, नियम, कानुन, निर्देशन पालना गरिनेछ। महानगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची-६ बमोजिम विज्ञापन कर असुल उपर गरिनेछ ।

१०. **<u>मनोरन्जन करः</u>**

महानगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय तथा कार्यक्रमहरुको दररेट प्रदेश कानुनले तोके अनुसार अनुसूची-७ बमोजिम असुल उपर गरिनेछ।

संकलित कर प्रदेश कानुन बमोजिम बाँडफाँट हुनेछ। मनोरन्जन कर बुझाउनु पर्ने अवधि भित्र मनोरन्जन कर नबुझाउने करदाताहरुलाई बुझाउनु पर्ने कर रकममा प्रदेश कानुनले तोके बमोजिम जरिवाना समेत असुल उपर गरिनेछ।

११. **<u>बहाल विटौरी शुल्कः</u>**

महानगरपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची- ८ मा उल्लेख भए

अनुसार हाट बजार, स्थान वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क असुल उपर गरिनेछ ।

१२. **पार्किङ्ग शुल्क :**

महानगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत अनुसूची -९ बमोजिम पार्किङ्ग शुल्क असुल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः**

महानगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची -१० मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क असुल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्क :**

महानगरपालिका क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची-१२ मा उल्लेखित दरमा पर्यटन शुल्क संकलन गरिनेछ । तर, प्रदेश कानुनमा अन्यथा व्यवस्था भएकोमा सोहि बमोजिम हुनेछ ।

१५. **सरकारी सम्पत्तिबाट प्राप्त आय**

महानगरपालिकाको आफ्नो हकभोग र स्वामित्वमा रहेका जग्गा, घर, टहरा र भवनहरु भाडामा लगाउनु पर्दा वार्षिक आय रु. ५,००,०००/- (पाँच लाख) भन्दा बढी हुने भएमा खुल्ला प्रतिस्पर्धाको माध्यमबाट भाडामा लगाइनेछ । त्यसको न्यूनतम दररेट अनुसूची -१३ बमोजिम हुनेछ ।

१६. **कर छुट :**

(१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई तोकिएको बाहेक कुनै पनि किसिमको कर छुट दिईने छैन ।

(२) चालु आ.व. २०८३/०८४ मा बुझाउनु पर्ने सम्पत्ति कर, भूमिकर (मालपोत) चालु आ.व.को असोज मसान्त भित्र बुझाएमा १० (दश) प्रतिशत छुट हुनेछ ।

(३) व्यवसाय नवीकरण गर्दा महानगरपालिकाबाट निर्धारण गरेको व्यवसाय करको चालु आ.व.को दररेटमा

२५% (पच्चिस) प्रतिशत छुट गरी व्यवसाय कर लिइनेछ ।

(४) वडाबाट कुनै सिफारिश दिंदा सम्पत्ति कर तिरेको प्रमाण पेश भएमा सिफारिश दस्तुरमा १५% प्रतिशत छुट दिइनेछ ।

(५) चालु आ.व.मा एकल महिला, दलित, अपाङ्गता भएका व्यक्ति वा समूह / महिला समूहद्वारा सञ्चालित व्यवसाय दर्तामा ५०% (पचास) प्रतिशत कर छुट हुनेछ ।

(६) विश्व सम्पदा क्षेत्रभित्र भवन संहिता नियम पालना गरी निर्माण भएका भवनहरुको निर्माण सम्पन्न पश्चात सम्बन्धित वडा कार्यालय र शाखा/महाशाखाको सिफारिशमा सम्पत्ति कर छुट गरिनेछ ।

(७) निजी क्षेत्रबाट सार्वजनिक सुबिधाका लागि पार्किङ व्यवस्थापन/सञ्चालन गर्न प्रस्ताव आएमा नक्सापासमा सहजीकरण गरी सार्वजनिक पार्किङ्ग संरचनाको नक्सापास दस्तुरमा सम्बन्धित वडा कार्यालय महाशाखाको सिफारिशमा कार्यपालिकाको निर्णयानुसार छुट प्रदान गरिनेछ।

(८) चालु आ.व. मा जग्गाधनीसंग बहाल सम्झौता गरी नर्सरी, तरकारी, फलफूल खेती गर्ने कृषकलाई सम्बन्धित वडा कार्यालय र शाखा / महाशाखाको सिफारिशमा महानगरपालिकाबाट लिइने जग्गा बहालकरमा शत प्रतिशत छुट दिईनेछ।

(९) ललितपुर महानगरपालिका क्षेत्र भित्रका सम्पत्ति कर तिर्ने करदाताले सम्पत्ति कर बुझाउँदा सम्बन्धित व्यक्ति वा निजको (श्रीमान / श्रीमती) ले विद्युतीय (इ.भी) गाडी खरिद गरेको ब्लु बुक पेश गरेमा चालु आ.व. ०८३/ ०८४को सम्पत्ति करमा १(एक) प्रतिशत छुट हुनेछ।

१७. <u>कर नलाग्ने</u> :

(१) देहायको घर र घर जग्गामा सम्पत्ति कर लाग्ने छैनः

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र जग्गा,

(ख) सरकारी अस्पतालको घर र घरजग्गा,

(ग) गुठीको स्वामित्वमा रहेको घर र जग्गा,

(घ) मुनाफाको उदेश्य नराखी संचालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको घर र घरजग्गा,

(ङ) मुनाफाको उद्देश्य नराखी संचालनमा भएका संघ, संस्थाको घर र घरजग्गा,

(च) धार्मिक संस्था (मन्दिर, परम्परागत तथा सांस्कृतिक गुठीका भवनहरु, मठ, गुम्बा, विहार, चर्च, मस्जिद आदि) को घर र घरजग्गा,

(छ) खानेपानी सङ्कलन पोखरी, विद्युतगृह, मसानघाट, कब्रस्तान, कर्बला, मजार, विमानस्थल, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु।

(ज) राजदुतावास, वाणिज्य नियोग, कुटनैतिक नियोग, स्वदेशी तथा विदेशी सरकारी आयोजनाहरुका नाममा रहेका घर र घरजग्गा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम कर छुट माग गर्ने करदाताहरुको त्यस्ता घर जग्गाहरु व्यवसायिक प्रयोजनमा उपयोग भएको क्षेत्रफलमा प्राविधिक प्रतिवेदनको आधारमा सम्पत्ति कर असुल उपर गरिनेछ ।

(३) यस ललितपुर महानगरपालिकामा कानुन बमोजिम कर दाखिला गरेका करदातालाई दाखिला गरेको करको "कर चुक्ता प्रमाण पत्र" निःशुल्क उपलब्ध गराइनेछ ।

१८. **दण्ड जरिवाना :**

(१) यस महानगरपालिकामा आ.व. २०८१/०८२ सम्मको बुझाउनु पर्ने सम्पत्ति कर, भूमिकर (मालपोत), घर जग्गा बहाल कर र विज्ञापन करको सम्पूर्ण बाँकी बक्यौता रकममा १५ (पन्ध्र) प्रतिशत जरिवाना चालु आ.व. २०८३/०८४ को श्रावण १ गते देखिनै लाग्नेछ। आ.व. २०८२/०८३ को बाँकी वक्यौता रकम आ.व. २०८३/०८४ को पौष मसान्त भित्र बुझाएमा जरिवाना लाग्ने छैन । तत्

पश्चात उक्त २०८२/०८३ को बाँकी बक्यौतामा समेत १५ प्रतिशत जरिवाना सहित कर असुली गरिनेछ । मनोरन्जन करका जरिवाना सम्बन्धमा प्रदेश कानुन बमोजिम जरिवाना हुनेछ ।अनाधिकृत रुपमा पार्किङ्ग गरिएका सवारी साधनहरुको जरिवाना र सहकारी सम्बन्धी जरिवाना अनुसूची -११ बमोजिम हुनेछ।

(२) यस ऐनमा तोकिएको विषयमा बाहेक अन्य विषयमा लाग्ने दण्ड जरिवाना छुट हुनेछैन।

(३) अन्यको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।

१९. **<u>कर तथा शुल्क सङ्कलन सम्बन्धी अन्य व्यवस्थाः</u>**

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधि महानगरपालिकाले तोके अनुसार हुनेछ ।

२०. **<u>किस्तावन्दीमा कर दाखिला गर्ने :</u>**

(१) महानगरपालिकामा बुझाउनु पर्ने कर एक लाख भन्दा बढी निर्धारण भएमा करदाताको सुविधाका लागि सोही आर्थिक

वर्षको मसान्त भित्र चुक्ता हुने गरी बढीमा चार किस्तामा बुझाउन सकिनेछ । यसरी कर बुझाउँदा यस ऐनको दफा १६ (२) बमोजिमको सुविधा प्राप्त हुनेछैन ।यसरी किस्तामा बुझाउनु पर्ने सम्पूर्ण रकम चालु आ.व भित्र नबुझाएमा आगामी आ.व मा कर मूल्याङ्कन गर्दा आउने एकमुष्ट रकमबाट दाखिला गरेको रकम मात्र मिलान गरिनेछ।तर दाखिला गरेको रकममा जरिवाना छुट हुनेछैन र एक लाख भन्दा कम कर निर्धारण भएमा एकै किस्तामा एक आर्थिक वर्ष भित्र बुझाउनु पर्नेछ।

(२) यसरी किस्ताबन्दीमा कर दाखिला गर्ने करदाताले सम्पूर्ण कर चुक्ता नगरेसम्म कर चुक्ता प्रमाण पत्र पाउने छैन ।तर करदाताले दाखिला गरेको रकमको विवरण माग गरेमा विवरण दिन बाधा पर्ने छैन।

२१. **बाधा अड्काउ फुकाउ :**

कर, राजश्व, घरभाडा छुट जरिवाना माफी तथा कर लिने सन्दर्भमा साथै यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन उत्पन्न भएमा स्थानीय

राजश्व परामर्श समितिको सिफारिशमा कार्यपालिकाबाट फुकाउन सकिनेछ ।

२२. **पुनरावलोकन सम्बन्धी व्यवस्था :**

(१) ललितपुर महानगरपालिकाले गरेको कर, शुल्क, महशुल, दण्ड जरिवाना सम्बन्धी विषयमा चित्त नबुझेमा करदाताले निस्सा वा प्रमाण पाएको मितिले ३५ दिन भित्र महानगरपालिकामा पुनरावलोकनका लागि निवेदन पेश गर्न सकिनेछ । यसरी पुनरावलोकनका लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी पुनरावलोकन समिति गठन गर्नेछ ।

(२) पुनरावलोकनका लागि प्राप्त भएका निवेदन उपर ३ महिना भित्र पुनरावलोकन समितिले छानविन गरी निर्णय गरी सम्बन्धित करदातालाई जानकारी दिनुपर्नेछ ।

(३) पुनरावलोकन समितिले गरेको निर्णयमा चित्त नबुझेमा प्रचलित कानुन बमोजिम

३५ दिन भित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

२३. **<u>कर फिर्ता/समायोजन सम्बन्धी व्यवस्था:</u>**

करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिनुपर्ने भन्दा बढी कर दाखिला गरेमा बढी दाखिला भएको रकम फिर्ता माग सोही आर्थिक वर्ष भित्र गर्न सक्नेछ । सोको व्यहोरा साँचो देखिएमा प्रमुख प्रशासकीय अधिकृतले निवेदन पेश भएको एक महिना भित्र रकम फिर्ता दिने निर्णय गर्नु पर्नेछ। कुनै करदाताले एक शिर्षकमा जम्मा गर्नुपर्ने रकम अर्को शिर्षकमा जम्मा हुन गएकोमा सोको व्यहोरा मनासिव देखिएमा प्रमुख प्रशासकीय अधिकृतले कर समायोजन गर्न स्वीकृति दिन सक्नेछ ।दफा २२ बमोजिम हुने निर्णायका सम्बन्धमा सोही दफा बमोजिम हुनेछ।

२४. **<u>नियमावली तथा कार्यविधि बनाउन सक्ने :</u>**

यस ऐनमा भएको व्यवस्थाहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि कार्यपालिकाले आवश्यक नियमावली तथा कार्यविधिहरु बनाउन सक्नेछ ।

२५. **<u>अनुसूचीमा उल्लेख नभएका कर, दस्तुर, शुल्क सम्बन्धमाः</u>**

यस ऐनको अनुसूचीहरुमा उल्लेख नभएका कर, दस्तुर, शुल्क दररेटका हकमा स्थानीय राजश्व परामर्श समितिको सिफारिशमा कार्यपालिकाबाट निर्णय भए अनुसार सो आ.व.को लागि मात्र निर्धारण गरिनेछ ।

२६. **<u>कार्यविधि बमोजिम हुनेः</u>**

सम्पत्ति मूल्याङ्कन, घर बहाल कर, व्यवसाय कर, जग्गाको चलन चल्ति मूल्याङ्कन र  आय स्रोत प्रमाणित फारामहरु कार्यविधिमा तोके बमोजिम हुनेछ।

२७. **<u>साविक बमोजिम हुने</u>**ः

यस ऐनमा उल्लेखित व्यवस्था यसै बमोजिम र उल्लेखित नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

# अनुसूची - १

## (दफा ३ संग सम्बन्धित सम्पत्ति कर)

## राजस्व शिर्षक नं.११३१३

| प्रति रोपनी | | |
|---|---|---|
| विवरण | | दररेट (रु.) |
| **साविक वडा नं. १ मा पर्ने (हाल १ र १०) :-** | | |
| क. | मूलपिच सडकसँग जोडिएका जग्गाहरुको | १,२१,००,००० |
| ख. | सहायक मूल पिच सडकसँग जोडिएका जग्गाहरु(ईनार देखि पाटनढोका) | ७०,४०,००० |
| ग. | क र ख बाहेकको सहायक पिच बाटोसँग जोडिएका जग्गाहरुको | ४०,७०,००० |
| घ. | कच्ची सडकसँग जोडिएका जग्गाहरुको | २२,००,००० |
| ङ. | गोरेटो बाटोसँग जोडिएका जग्गाहरुको | १५,००,००० |
| नोटः वडा नं १ मा मूल सडक नभएको | | |
| **वडा नं. २ मा पर्ने :-** | | |
| क. | पिच/सहायक पिच सडकसँग जोडिएका जग्गाहरुको | ४०,७०,००० |
| ख. | कच्ची सडकसँग जोडिएका जग्गाहरुको | २२,००,००० |

| | | |
|---|---|---|
| ग. | चक्रपथ तारवारसँग जोडिएका जग्गाहरुको | ४५,१०,००० |
| घ. | गोरेटो बाटोसँग जोडिएका जग्गाहरुको | ११,००,००० |
| **वडा नं. ३ मा पर्ने :-** | | |
| क. | मूल पिच सडकसँग जोडिएका जग्गाहरुको | १,२१,००,००० |
| ख. | सहायक पिच बाटोसँग जोडिएका जग्गाहरुको | ४०,७०,००० |
| ग. | कच्ची सडकसँग जोडिएका जग्गाहरुको | २६,४०,००० |
| घ. | चक्रपथ भित्र बाहिर तारवारसँग जोडिएका जग्गाहरुको | ४५,१०,००० |
| ङ. | गोरेटो बाटोसँग जोडिएका जग्गाहरुको | ११,००,००० |
| **साविक वडा नं. ४ को चक्रपथ भित्र पर्ने । (हाल ४ र १३):-** | | |
| क. | मूल पिच सडकसँग जोडिएका जग्गाहरुको | १,२१,००,००० |
| ख. | सहायक पिच वाटोसँग जोडिएका जग्गाहरुको | ४०,७०,००० |
| ग. | कच्ची सडकसँग जोडिएका जग्गाहरुको | २२,००,००० |

| | | |
|---|---|---|
| घ. | चक्रपथ तारवारसँग जोडिएका जग्गाहरुको | ४५,१०,००० |
| ङ. | गोरेटोबाटोसँग जोडिएको जग्गाहरुको | १२,१०,००० |
| **साविक वडा नं. ४ को चक्रपथ बाहिर पर्ने (हाल ४ र १३):-** | | |
| क. | पिच/सहायक पिच सडकसँग जोडिएका जग्गाहरुको | २५,३०,००० |
| ख. | कच्ची सडकसँग जोडिएका जग्गाहरुको | १५,००,००० |
| ग. | चक्रपथ तारवारसँग जोडिएका जग्गाहरुको | ४५,१०,००० |
| घ. | गोरेटो बाटोसँग जोडिएका जग्गाहरुको | ७,१५,००० |
| **साविक वडा न. ५ को चक्रपथ भित्र पर्ने (हाल ५, १४, १५)** | | |
| क. | मूल पिच सडकसँग जोडिएका जग्गाहरुको | १,२१,००,००० |
| ख. | सहायक पिच बाटोसँग जोडिएका जग्गाहरुको | ४०,७०,००० |
| ग. | कच्ची सडकसँग जोडिएका जग्गाहरुको | २२,००,००० |
| घ. | चक्रपथ (तारवारसँग जोडिएका जग्गाहरु) | ४५,१०,००० |

| | | |
|---|---|---|
| ङ. | गोरेटोबाटोसँग जोडिएका जग्गाहरुको | १२,६५,००० |
| **साविक वडा न. ५ को चक्रपच बाहिर पर्ने (हाल ५, १४, १५)** | | |
| क. | पिच/सहायक पिच सडकसँग जोडिएका जग्गाहरुको | ३२,५०,००० |
| ख. | कच्ची सडकसँग जोडिएका जग्गाहरुको | १८,७०,००० |
| ग. | चक्रपथ (तारवारसँग जोडिएका जग्गाहरु) | ४५,१०,००० |
| घ. | गोरेटो बाटोसँग जोडिएका जग्गाहरुको | ११,००,००० |
| **साविक वडा नं.६ चक्रपथ भित्र पर्ने (हाल ६ र १७) :-** | | |
| क. | पिच/सहायक पिच सडकसँग जोडिएका जग्गाहरुको | ३२,५५,००० |
| ख. | कच्ची सडकसँग जोडिएका जग्गाहरुको | २२,००,००० |
| ग. | चक्रपथ (तारवारसँग जोडिएका जग्गाहरु) | ४५,१०,००० |
| घ. | गोरेटो बाटोसँग जोडिएका जग्गाहरुको | ८,००,००० |
| **साविक वडा नं. ६ चक्रपथ बाहिर पर्ने (हाल ६ र १७)** | | |
| क. | पिच/सहायक पिच सडकसँग जोडिएका जग्गाहरुको | १८,७०,००० |

| | | |
|---|---|---|
| ख. | कच्ची सडकसँग जोडिएका जग्गाहरुको | ११,००,००० |
| ग. | चक्रपथ (तारवारसँग जोडिएका जग्गाहरु) | ४५,१०,००० |
| घ. | गोरेटो बाटोसँग जोडिएका जग्गाहरुको | ८,५५,००० |
| **वडा नं. ७ चक्रपथ भित्र बाहिर दुवैमा पर्ने :-** | | |
| क. | पिच/सहायक पिच सडकसँग जोडिएका जग्गाहरुको | २२,००,००० |
| ख. | कच्ची सडकसँग जोडिएका जग्गाहरुको | १५,००,००० |
| ग. | चक्रपथ (तारवारसँग जोडिएका जग्गाहरु) | ४५,१०,००० |
| घ. | गोरेटो बाटोसँग जोडिएका जग्गाहरुको | ८,५५,००० |
| **वडा नं. ८ चक्रपथ भित्र बाहिर दुवैमा पर्ने (साविक वडा नं. १० समेत) :-** | | |
| क. | पिच/सहायक पिच सडकसँग जोडिएका जग्गाहरुको | २२,००,००० |
| ख. | कच्ची सडकसँग जोडिएका जग्गाहरुको | १५,००,००० |
| ग. | चक्रपथ (तारवारसँग जोडिएका जग्गाहरु) | ४५,१०,००० |

| | | |
|---|---|---|
| घ. | गोरेटो बाटोसँग जोडिएका जग्गाहरुको | ८,५५,००० |
| **वडा नं. ९ चक्रपथ भित्र बाहिर दुवैमा पर्ने :-** | | |
| क. | पिच/सहायक पिच सडकसँग जोडिएका जग्गाहरुको | २२,००,००० |
| ख. | कच्ची सडकसँग जोडिएका जग्गाहरुको | १२,६५,००० |
| ग. | चक्रपथ (तारवारसँग जोडिएका जग्गाहरु) | ४५,१०,००० |
| घ. | गोरेटो बाटोसँग जोडिएका जग्गाहरुको | ६,१०,००० |
| **वडा नं. १२ मा पर्ने :-** | | |
| क. | मूलपिच सडकसँग जोडिएका जग्गाहरुको | १,२१,००,००० |
| ख. | सहायक पिच बाटोसँग जोडिएका जग्गाहरुको | ५६,००,००० |
| ग. | कच्ची सडकसँग जोडिएका जग्गाहरुको | २२,००,००० |
| घ. | गोरेटो बाटोसँग जोडिएका जग्गाहरुको | १५,००,००० |
| **साविक वडा नं. १३ हाल १९ मा पर्ने :-** | | |
| क. | मूलपिच सडकसँग जोडिएका जग्गाहरुको | १,२१,००,००० |

| | | |
|---|---|---|
| ख. | सहायक पिच बाटोसँग जोडिएका जग्गाहरुको | ५६,००,००० |
| ग. | कच्ची सडकसँग जोडिएका जग्गाहरुको | २२,००,००० |
| घ. | गोरेटो बाटोसँग जोडिएका जग्गाहरुको | १५,००,००० |
| **साविक वडा नं. १५ पछि १६ र २२ हाल ११ मा पर्ने :-** | | |
| क. | पिच/सहायक पिच सडकसँग जोडिएका जग्गाहरुको | ५६,००,००० |
| ख. | कच्ची सडकसँग जोडिएका जग्गाहरुको | ३०,२५,००० |
| ग. | गोरेटो बाटोसँग जोडिएका जग्गाहरुको | १५,००,००० |
| वडा नं. १९ मा पर्ने :- | | |
| क. | मूलपिच सडकसँग जोडिएका जग्गाहरुको | १,२१,००,०० |
| ख. | सहायक पिच बाटोसँग जोडिएका जग्गाहरुको | ५६,००,००० |
| ग. | कच्ची सडकसँग डिएका जग्गाहरुको | २६,४०,००० |
| घ. | गोरेटो बाटोसँग जोडिएका जग्गाहरुको | १५,००,००० |

| वडा नं. २० मा पर्ने :- | | |
|---|---|---|
| क. | मूलपिच सडकसँग जोडिएका जग्गाहरुको | १,२१,००,००० |
| ख. | सहायक पिच बाटोसँग जोडिएका जग्गाहरुको | ५६,००,००० |
| ग. | कच्ची सडकसँग जोडिएका जग्गाहरुको | २६,४०,००० |
| घ. | गोरेटो बाटोसँग जोडिएका जग्गाहरुको | १८,७०,००० |

**२०३८ को नयां नापीमा पर्ने जग्गा नापीकै वर्गिकरण अनुसार वर्ग बमोजिम नै मुल्य कायम हुने ।**

| **२०३८ सालको नापी अनुसार वर्ग खुलेको** | **दररेट(रु.)** |
|---|---|
| क वर्गको प्रति रोपनी | ५०,६०,००० |
| ख वर्गको प्रति रोपनी | ३१,४०,००० |
| ग वर्गको प्रति रोपनी | २५,३०,००० |
| घ वर्गको प्रति रोपनी | १८,७०,००० |
| ङ वर्गको प्रति रोपनी | १२,४०,००० |
| च वर्गको प्रति रोपनी | ९,८०,००० |

(१) साविक वडा भन्नाले लालपुर्जामा उल्लेख भएको बडा हुनेछ ।

(२) मूल पिच सडक भन्नाले कुपण्डोल, जावलाखेल, लगनखेल हुँदै सातदोबाटो सम्म हुनेछ।

(३) सहायक पिच भन्नाले पिच,ढलान, ढुंगा छापेको र सिमेन्ट ब्लक छापिएको बाटोसँग जोडिएका जग्गाहरु हुनेछ।

**धापाखेल, सुनाकोठी र हरिसिद्धि वडा नं. २३, २४, २६, २७, २८ र २९ का लागि सम्पत्ति कर प्रयोजनका लागि कायम जग्गाको मूल्याङ्कनको दर**

| विवरण | दर (प्रति रोपनी) |
|---|---|
| पिच/सहायक पिच सडकसँग जोडिएका जग्गाहरु | रु. ३२,५०,०००/- |
| कच्ची सडकसँग जोडिएका जग्गाहरु | रु. १८,७०,०००/- |
| गोरेटो बाटोसँग जोडिएका जग्गाहरु | रु. ११,००,०००/- |

<u>सैबु, बुङ्गमती र खोकना, वडा नं १८, २५, २१, २२ का लागि प्रस्तावित जग्गाको सम्पत्ति कर मूल्याङ्कन दर</u>

| क्र.सं. | विवरण | दर (प्रति रोपनी) | | |
|---|---|---|---|---|
| | | सैबु | बुङ्गमती | खोकना |
| १. | विकसित घडेरी | रु.१,९२,००,०००/- | रु.१,००,००,०००/- | रु.१,१०,००,०००/- |
| २ | पिच सडकसँग जोडिएका जग्गाहरु | रु.१,२८,००,०००/- | रु.५६,००,०००/- | रु.५८,००,०००/- |
| ३ | सहायक पिच | रु.८०,००,०००/- | रु.३२,००,०००/- | रु.३४,००,०००/- |
| ४ | कच्ची सडकसँग जोडिएका जग्गाहरु | रु.६४,००,०००/ | रु.२४,००,०००/- | रु.२५,००,०००/- |
| ५ | गोरेटो बाटोसँग जोडिएका जग्गाहरु | रु.२७,२०,०००/- | रु.११,२०,०००/- | रु१४,००,०००/- |

**नोटः**

क) माथि मुल्य नखुलेको तथा बाटो नभएको जग्गाको हकमा सम्बन्धित वडा कार्यालयले निर्धारण गरेको मूल्याङ्कनलाई आधार मानिनेछ ।

ख) सम्पत्ति कर असुली गर्दा ललितपुर महानगपालिकाबाट विगतका वर्षहरुमा लिइदै आएका दस्तुरहरु (सार्वजनिक विद्युत महशुल वापत प्रत्येक आवासीय घरमा प्रति वर्ष रु. १२/- र व्यवसायिक घरमा प्रति वर्ष रु.१००/- का दरले, दर्ता शुल्क वापत रु. १०/- र आ.व. २०७२/०७३ मा तोकेको दररेट बमोजिम बातावरण महशुल तथा वारुण यन्त्र व्यवस्थापन शुल्क समेत थप गरी सेवा शुल्क लिइनेछ ।

**घरको मूल्याङ्कन दररेट :**

| क्र.सं. | घरको मूल्याङ्कन दर | दर प्रति वर्गफिट (रु.) | |
|---|---|---|---|
| | | आवासीय प्रयोजन | व्यापारिक तथा संयुक्त आवास / सामूहिक आवास / संस्थागत प्रयोजन |
| १ | कांचो इँटामाटोको जोडाई | ६००/- | |
| २ | पाको इँटा माटो जोडाई | ७५०/- | |
| ३ | पाको इँटा सिमेन्ट जोडाई | १५००/- | १७५०/- |
| ४ | पिलर सिस्टम | १८००/- | २२००/- |
| ५ | स्टील फ्रेम स्ट्रक्चर, ५ फ्रविडट्स, फाइवर, वा यस्तै संरचना | १८००/- | २२००/- |
| ६ | जस्ता/ बांसले घेरेको टहरा | १५००/- | १७५०/- |

क) माथि जुनसुकै कुरा लेखिएको भएता पनि घरको बुँदा नं.(१) काचो इँटामा माटोको जोडाइ, बुँदा नं.(२) पाको इँटामा माटोको जोडाइ, बुँदा नं.(३) पाको इँटा सिमेन्ट जोडाई र बुँदा नं.(६) जस्ता/ बांसले घेरेको टहरा बाहेकको घर/टहराहरुको ग्राउण्ड कभरेज १५०० व.फि. भन्दा बढी वा कुल फ्लोर एरिया ५००० व.फि. भन्दा बढी निर्माण भएको आवासीय भवनको हकमा सम्पत्ति कर निर्धारण गर्दा प्रति व.फि. रु. २२००/- का दरले मूल्याङ्कन गरी सम्पत्ति कर लिइनेछ ।

ख) घरको ह्रासकट्टी दर साविक बमोजिम नै कायम गरिएको छ।

ग) "व्यापारिक प्रयोजन" भन्नाले नक्शा पासमा व्यापारिक जनिएको मात्र हुनेछ ।

## <u>सम्पत्ति करको दर</u>

| **सम्पत्ति मूल्याङ्कन** | **कर लाग्ने दर** |
|---|---|
| रु. ३० लाख सम्मको | रु. ५००/- |
| त्यसपछिको रु. २० लाखमा | ०.०८% |
| त्यसपछिको रु. ५० लाखमा | ०.१५% |
| त्यसपछिको रु. १ करोडमा | ०.३% |
| त्यसपछि जतिसुकै रकममा | ०.५५% |

**सम्पत्तिकरमा ह्रासकट्टी दरः**

भवनको ह्रास कट्टी प्रतिशत र द्वास कट्टी गर्ने अवधिः भवनको बनौट र सोमा हास कट्टी गर्ने तरिका समान ह्रासकट्टी पद्धति अनुसार हुनेछ । ह्रासकट्टी दर निम्नानुसार हुनेछ ।

| क्र.सं. | भवनको किसिम | ह्रासकट्टी दर | ह्रासकट्टी अवधि |
|---|---|---|---|
| १ | कांचो इँटा माटोको जोडाई, टहरा | ३% | २५ वर्ष |
| २ | पाको इँटामा माटो जोडाई | २% | ३० वर्ष |
| ३ | पाको इँटामा सिमेन्ट जोडाई | १% | ७० वर्ष |
| ४ | आर.सि.सि. फ्रेम स्ट्रक्चर (पिलर सिस्टम), स्टील फ्रेम स्ट्रक्चर, फाइबर वा यस्तै संरचना | ०.७५% | ७५ वर्ष |
| ५ | स्टील फ्रेम स्ट्रक्चर, ५ फ्रविडट्स, फाइवर, वा यस्तै संरचना ,प्रिफ्याव भवन | ०.७५% | ७५ वर्ष |
| ६ | जस्ता/ बांसले घेरेको टहरा | २% | ३५ वर्ष |

क) दम्पत्तिको नाममा छुट्टाछुट्टै सम्पत्ति भए छुट्टाछुट्टै करदाता मानी छुट्टाछुट्टै कर निर्धारण गरिनेछ।

**ख)** नक्शा पास गरी दुई वर्ष सम्ममा निर्माण सम्पन्न नलिए पनि करदाताले पेश गरेको नक्शा पास विवरण अनुसार सम्पत्ति कर निर्धारण गरिनेछ । साथै ह्रास कट्टी दरको सम्बन्धमा सम्पत्ति करमा ह्रासकट्टी दरलाई आधार मानी गरिनेछ ।

अनुसूची- २

(दफा ४ सँग सम्बन्धित)

**घर जग्गा रजिष्ट्रेशन दस्तुर, सेवा शुल्क र रोक्का दस्तुर प्रदेश कानुन बमोजिम हुनेछ।**

**भूमिकर (मालपोत) दररेट निम्न अनुसार कायम हुनेछ ।**

राजस्व शिर्षक नं.११३१४

| **क्र.सं.** | **जग्गाको किसिम वा वर्ग विवरण** | **दररेट (प्रति रोपनी) रु.** |
|---|---|---|
| १ | क वर्ग | ४८० |
| २ | ख वर्ग | ३८४ |
| ३ | ग वर्ग | २८८ |
| ४ | घ वर्ग | २२८ |
| ५ | ङ वर्ग | १७४ |
| ६ | च वर्ग | १३२ |
| ७ | वर्ग नखुलेको | १८० |

अनुसूची- ३

(दफा ५ सँग सम्बन्धित)

**घर बहाल करको मासिक आधार दर**

राजस्व शिर्षक नं.११३१७

| क्र.सं. | विवरण | कायम दररेट | |
|---|---|---|---|
| | | व्यवसायिक प्रयोजन (वर्ग फिट) | आवासीय प्रयोजन (वर्गफिट) |
| १ | मूल सडक (कुपण्डोल देखि सातदोबाटो सम्म, मंगलबजार देखि लगनखेल सम्मको सडक | | |
| | क) भुई तल्ला | रु१००/- | |
| | ख) पहिलो तल्ला | रु ५०/- | रु. ३०/- |
| | ग) दोश्रो तल्ला देखि माथि | रु. ३०/- | रु. १०/- |
| | घ) जग्गा प्रति आना | रु.५०००/- | |
| २ | चक्रपथ ट्याक | | |
| | क) भुई तल्ला | रु६०/- | रु४०/- |
| | ख) पहिलो तल्ला | रु ४०/- | रु २०/- |
| | ग) दोश्रो तल्ला देखि माथि | रु. २०/- | रु. १०/- |
| | घ) जग्गा प्रति आना | रु.३०००/- | |

| | | | |
|---|---|---|---|
| ३ | <u>सहायक सडक (मूल सडक तथा रिङ्गरोड सँग जोडिएका सडक)</u> | | |
| | क) भुई तल्ला | रु. ५०/- | रु. ३०/- |
| | ख) पहिलो तल्ला | रु ३०/- | रु १०/- |
| | ग) दोश्रो तल्ला देखि माथि | रु. १५/- | रु १०/- |
| | घ) जग्गा प्रति आना | रु.२०००/- | |
| | उपरोक्त बाहेक सहायक सडकसँग जोडिएका भित्री सहायक सडक : | | |
| | क) भुई तल्ला | रु २०/- | रु १५/- |
| | ख) पहिलो तल्ला | रु २०/- | रु १५/- |
| | ग) दोश्रो तल्ला देखि माथि | रु १५/- | रु १०/- |
| | घ) जग्गा प्रति आना | रु.१०००/- | |
| | ङ) बागमती करिडोरको बाटोको जग्गा प्रति आना | रु.१०००/- | |
| ४ | <u>कच्ची सडकः</u> | | |
| | क) भुई तल्ला | रु २०/- | रु १५/- |
| | ख) पहिलो तल्ला | रु १५/- | रु १५/- |
| | ग) दोश्रो तल्ला देखि माथि | रु १०/- | रु १०/- |

| | | | |
|---|---|---|---|
| | घ) जग्गा प्रति आना | रु ५००/- | |
| ५ | गोरेटो बाटोः | | |
| | क) भुई तल्ला | रु २०/- | रु १०/- |
| | ख) पहिलो तल्ला देखि माथि | रु १५/- | रु १०/- |
| | ग) जग्गा प्रति आना | रु ५००/- | |
| ६ | वडा नं. १८, २३ र २५ का लागि | | |
| | मूल सडक : | | |
| | क. भुई तल्ला | रु ५०/- | रु ३०/- |
| | ख. पहिलो तल्ला देखि माथि | रु ३०/- | रु २०/- |
| | ग. जग्गा प्रति आना | रु १३०/- | |
| | सहायक सडक | | |
| | क. भुई तल्ला | रु ३०/- | रु २०/- |
| | ख. पहिलो तल्ला देखि माथि | रु २०/- | रु १०/- |
| | ग. जग्गा प्रति आना | रु १३०/- | |
| | गोरेटो बाटो : | | |
| | क. भुई तल्ला | रु १५/- | रु १५/- |
| | ख. पहिलो तल्ला देखि माथि | रु १०/- | रु १०/- |
| | ग. जग्गा प्रति आना | रु १३०/- | |
| | | | |

| | | | |
|---|---|---|---|
| ७ | बडा नं. २१,२२,२४,२६,२७, २८, २९का लागि | | |
| | क. भुई तल्ला | रु ३०/- | रु १५/- |
| | ख. पहिलो तल्ला देखि माथि | रु १५/- | रु १०/- |
| | ग. जग्गा प्रति आना | रु१२०/- | |

अनुसूची- ४

(दफा ६ सँग सम्बन्धित)

**व्यवसाय कर**

राजस्व शिर्षक नं. (१४२५३)

| **क्र.सं.** | **विवरण** | **दर रेट रु** |
|---|---|---|
| १ | व्यापारिक बस्तु | |
| १.१ | चुरोट /रक्सी,ज्वेलरी आदिको थोक तथा खुद्रा व्यापार | |
| १.१.१ | मदिरा/चुरोट/डिष्टीलरी/सूर्तिजन्य पदार्थको उत्पादन | २५,००० |
| १.१.२ | ब्रुअरी, मदिरा /हल्कापेय / सुर्तिजन्य पदार्थ एजेन्सी/(सप्लायर्स) | २०,००० |
| १.१.३ | मदिरा खुद्रा बिक्री | १०,००० |
| १.१.४ | सुर्तिजन्य पदार्थ खुद्रा बिक्री | २,००० |
| १.१.५ | ज्वेलरी सामानको उत्पादन बिक्री | |
| १.१.५.१ | साना ज्वलेरी उत्पादन / बिक्रि | ५,००० |
| १.१.५.२ | ठुलो ज्वलेरी उत्पादन १ करोड भन्दा बढी | १०,००० |
| १.१.५.३ | पत्थर/मुगा व्यापार | १,५०० |
| १.१.५.४ | सुन चाँदी जलप लगाएका गरगहना | ३००० |

| क्र.सं. | विवरण | दर रेट रु |
|---|---|---|
| १.२ | कम्प्युटर, विद्युत सामान, क्यामरा, टेलिभिजन, रेडियो, कार्पेट, धातुका सामान जस्ता बस्तुको थोक तथा खुद्रा विकी गर्ने तथा मर्मत | |
| १.२.१ | टि.भी,रेडियो,हिटर/फ्रिज/ क्यामरा/वासिङ मेशिन/ए सी आदि इलेक्ट्रोनिक्स सामान एजेन्सी/सप्लायर्स/शोरुम | १०,००० |
| १.२.२ | फ्रिज, क्यामरा, वाशिङ्ग मेशिन, टि भी,हिटर,ए .सी आदि सबै भएको इलेक्ट्रोनिक्स खुद्रा पसल मध्ये कुनै एक प्रकारको मात्र पसल तथा साधारण खुद्रा इलेक्ट्रोनिक्स पसल(ओभन,ग्रान्डर,टोस्टर आदि बिक्रि गर्ने | ५,००० |
| १.२.३ | इलेक्ट्रिक सामान सप्लायर्स/एजेन्सी | ५,००० |
| १.२.४ | इलेक्ट्रिक सामान पसल बिजुलीको सामान | ३,००० |
| १.२.५ | साउण्ड, माइक, स्पीकर बिक्री पसल /भाडामा दिने | २,००० |

| क.सं. | विवरण | दर रेट रु |
|---|---|---|
| | /बाइल्डिङ्ग गर्ने/मर्मत गर्ने | |
| १.२.६ | कम्प्युटर बिक्री /एसेम्बलिङ्ग कम्पनी | १०,००० |
| १.२.७ | मोबाइल फोन सप्लायर्स एजेन्सी | १०,००० |
| १.२.८ | मोवाइल फोन बिक्री पसल | ५,००० |
| १.२.९ | मोवाइल जन्य सामग्री (Accessories ) बिक्रि पसल | २,००० |
| १.२.१० | मोवाइल मर्मत )/पुरानो मोवाइल तथा सिम समेत बिक्री गर्ने | ३,००० |
| १.२.११ | मोवाइल फोन बिक्री तथा मर्मत पसल | ८००० |
| १.२.१२ | मोवाइल फोन मर्मत तालिम केन्द्र | ३००० |
| १.२.१३ | रेडियो, चश्मा, घडी मर्मत तथा बिक्री पसल | २,००० |
| १.२.१४ | रेडियो, चश्मा, घडी मर्मत | १,५०० |
| १.२.१५ | भिडियो क्यासेट सि.डि पसल | १,००० |
| १.२.१६ | इलेक्ट्रोनिक्स, अडियो क्यासेट, क्यामरा, हिटर, | १,५०० |

| क्र.सं. | विवरण | दर रेट रु |
|---|---|---|
| | स्टेभलाइजर मर्मत | |
| १.२.१७ | वाशिङ मेशिन, ए .सि फ्रिज ,टि.भि,कम्प्युटर , मर्मत | ५,००० |
| १.२.१८ | स्टोभ, ग्यांस, चुलो, प्रेसर कुकर मर्मत | १,००० |
| १.२.१९ | एक भन्दा बढी लेथ मेशिन सहित सामान मर्मत केन्द्र | १५०० |
| १.२.२० | म्युजिकल सामान बेच्ने | १५०० |
| २ | निर्माण सामाग्री | |
| २.१ | वाथरुम सामान /रंगरोगन सप्लायर्स,इन्टरप्राइजेज | ५,००० |
| २.२ | हार्डवेयर /बाथरुम सामान रंगरोगन पसल | ४,००० |
| २.३ | घरको छानामा वाटर प्रुफिङ्ग गर्ने | ३,००० |
| २.४ | सिसा, भेनिस्ता, ऐना पसल सप्लायर्स | ५,००० |
| २.५ | सिसा, भेनिस्ता, ऐना पसल सिसामा बुट्टा भर्ने | २,५०० |
| २.६ | इंटा, रोडा, बालुवा, ढुंगा, सिमेन्ट, डण्डी सप्लायर्स /डिपो | १०,००० |

| क.सं. | विवरण | दर रेट रु |
|---|---|---|
| २.७ | सिमेन्ट, डण्डी, पाइप  खुद्रा पसल | ५,००० |
| २.८ | सिभिल ल्याव ,डण्डी, सिमेन्ट आदिको गुणस्तर चेकिङ | ५,००० |
| २.९ | कंक्रिट मार्बल सिमेन्ट सप्लायर्स | १५,००० |
| २.१० | किल्ला, कब्जा जाली पसल | १,५०० |
| २.११ | सिमेन्टको झ्याल /पिलर मुर्ति/रिङ्ग बिक्री पसल | २,००० |
| २.१२ | आल्मोनियम /फलामको झ्याल, ग्रिल /सोलार उद्योग | १०,००० |
| २.१३ | आल्मोनियम फलामको झ्याल, ग्रिल /सोलार खुद्रा बिक्री | ३,००० |
| २.१४ | फर्निचर जन्य समान Assembling गरी  बिक्रि गर्ने पसल | ३,००० |
| २.१५ | प्रिफ्याव बोर्ड निर्माण उद्योग | १२,००० |
| २.१६ | बांस विक्रेता(सार्वजनिक स्थानमा राख्न नपाइने) | ७,००० |
| २.१७ | ताला, सांचो बनाउने तथा मर्मत | १,००० |

| क्र.सं. | विवरण | दर रेट रु |
|---|---|---|
| २.१८ | जस्ताको बक्स बनाउने तथा बिक्री गर्ने | १,५०० |
| २.१९ | प्लाष्टिक सामान पसल सप्लायर्स (ठूलो) | ४,००० |
| २.२० | प्लाष्टिक सामान उत्पादन गर्ने उद्योग | ७,००० |
| २.२१ | प्लाष्टिक सामान पसल सानो | २,००० |
| २.२२ | फर्निचर तथा फ्लोरिङ्ग | |
| २.२२.१ | समिल व्यवसाय | १०,००० |
| २.२२.२ | काठको झ्याल ढोका बनाउने | ४,००० |
| २.२२.३ | काठ दाउरा गोदाम /पसल | १०,००० |
| २.२२.४ | फ्लोरिङ्ग तथा फर्निसिङ्ग (थोक /सप्लायर्स) | ५,००० |
| २.२२.५ | फ्लोरिङ्ग तथा फर्निसिङ्ग (खुद्रा) | ३,००० |
| २.२२.६ | इन्टेरियर डिजाइनिङ्ग सेवा | ५,००० |
| २.२२.७ | काठ स्टिल फर्निचर उद्योग | ५,००० |
| २.२२.८ | काठ स्टिलको फर्निचर बिक्री | ३,००० |
| २.२२.९ | ए.सि.पी.को कारोवार गर्ने | ६,००० |

| क्र.सं. | विवरण | दर रेट रु |
|---|---|---|
| २.२२.१० | गलैचा उद्योग/ इन्टरप्राइजेज | ५,००० |
| २.२२.११ | गलैचा पसल | ३,००० |
| २.२३ | इन्धन | |
| २.२३.१ | पेट्रोल, डिजेल, मोविल । पेट्रोल पम्प | २५,००० |
| २.२३.२ | ग्याँस, मट्टितेल डिपो | ३,५०० |
| २.२३.३ | ग्यास, मट्टितेल खुद्रा बिक्री गर्ने | १,५०० |
| २.२४ | हस्तकला /ह्याण्डीक्राफ्ट सम्बन्धी | |
| २.२४.१ | हस्तकला कलात्मक मूर्ति /ह्याण्डीक्राफ्ट पसल | ५,००० |
| २.२४.२ | ह्याण्डीक्राफ्ट आयात /निर्यात | ४,००० |
| २.२४.३ | सोभिनियर/क्युरियो पसल | ३,००० |
| २.२४.४ | साधारण घरेलु पेपर ह्याण्डीक्राफ्ट/थान्का उद्योग | ३,००० |
| २.२४.५ | पेपर ह्याण्डीक्राफ्ट पसल | १,५०० |
| २.२४.६ | थान्का वाटिक पसल सानो | २,००० |
| २.२४.७ | थान्का वाटिक पसल ठुलो | ४,००० |
| २.२४.८ | बाँसको हस्तकला उत्पादन तथा बिक्रि (बाँसुरी,डोको, डाला, मान्द्रा सुकुल इत्यादि) | १,००० |

| क्र.सं. | विवरण | दर रेट रु |
|---|---|---|
| २.२४.९ | काठ र ढुंगाको मुर्ति बनाउने बिक्री गर्ने | ३,००० |
| २.२४.१० | आर्ट्स तथा पेंटिंग व्यवसाय | १,५०० |
| २.२४.११ | तामा पित्तल / आल्मोनियम प्लाष्टिक / स्टील भाडा किचेन वेयर पसल | १,५०० |
| २.२४.१२ | गार्मेन्ट / पश्मिना टेक्सटाईल उद्योग | ५,००० |
| २.२४.१३ | गार्मेन्ट / पश्मिना / स्विटर पसल | २,००० |
| २.२४.१४ | स्विटर / उनीको कच्चा सामान बिक्री गर्ने खुद्रा पसल | १,५०० |
| २.२५ | जनसेवा | |
| २.२५.१ | धारा, विजुली, रंग, काठ, डकर्मी, मिस्त्री आपूर्ति गर्ने | १,५०० |
| २.२५.२ | जनसेवा ( बिलहरु भुक्तानी, ड्राइभिङ्ग लाइसेन्स, सवारी साधनहरु दर्ता / नवीकरण, नामसारी आदि सम्पूर्ण सेवा | १,५०० |

| क.सं. | विवरण | दर रेट रु |
|---|---|---|
| २.२५.३ | जनसेवा (कम्पनी प्रा.लि भएमा) | १०,००० |
| ३ | उपभोग्य वस्तु, खाद्य पदार्थ, कपड़ा तथा सरसामग्री आदिको थोक तथा खुद्रा व्यापार र उद्योग | |
| ३.१ | किराना / खाद्यान्न खुद्रा पस (१ वटा कवल भएको) | १,२०० |
| ३.२ | किराना / खाद्यान्न खुद्रा पसल (१ वटा कवल भन्दा बढी भएको) | २,००० |
| ३.३ | खाद्यान्नको थोक बिक्री गर्ने | ३,००० |
| ३.४ | पाउं बनाउने तथा बिक्री गर्ने | १,००० |
| ३.५ | गोल्फुकी / दालमोठ / चिप्स / अचार उद्योग | २,००० |
| ३.६ | गोल्फुकी / दालमोठ चिप्स / अचार पसल | १,५०० |
| ३.७ | चाकु सखखर पसल | १,५०० |
| ३.८ | पानीपुरी, चटपटे पसल | १,००० |
| ३.९ | बरफ उद्योग | २,००० |

| क.सं. | विवरण | दर रेट रु |
|---|---|---|
| ३.१० | फलफूल / तरकारी सोडापानी पान | १,५०० |
| ३.११ | पान पसल/ सोडापानी /चटपटे पानीपुरी पसल | २,००० |
| ३.१२ | पानमा राख्ने सामग्री उत्पादन तथा बिक्रि | २,००० |
| ३.१३ | फलफूल पसल जूस सहित/खानेपानी खुद्रा बिक्री गर्ने | १,५०० |
| ३.१४ | खानेपानी ढुवानी सेवा, मिनरल वाटर डिष्ट्रिव्युटर /एजेन्सी | ४,००० |
| ३.१५ | कफी प्रशोधन उद्योग | ६,००० |
| ३.१६ | कफी व्यवसाय | ३,००० |
| ३.१७ | डेरी उद्योग | ५,००० |
| ३.१८ | बेकरी/आइसक्रिम / कन्फेक्सनरी उद्योग | ५,००० |
| ३.१९ | बेकरी /आइसक्रिम /कन्फेक्सनरी /डेरी पसल | १,५०० |
| ३.२० | चाउचाउ कन्फेक्सनरी उद्योग ठूलो (१ करोड भन्दा बढी ) | १,००,००० |

| क्र.सं. | विवरण | दर रेट रु |
|---|---|---|
| ३.२१ | चाउचाउ ,थुक्पा,पास्ता आदि उद्योग कन्फेक्सनरी (सानो घरेलु ) | ४,००० |
| ३.२२ | चाउचाउ /कन्फेक्सनरी चिप्स आदि डिष्ट्रीव्यूटर्स | ४,००० |
| ३.२३ | चिया उद्योग | ५०००, |
| ३.२४ | चियापत्ती पसल | १,५०० |
| ३.२५ | मसला उद्योग | २,००० |
| ३.२६ | रेडिमेड कपडा सानो/ थान कपडा/ नेपाली स्वेटर पसल | १,५०० |
| ३.२८ | बुटिक | ५,००० |
| ३.२९ | ढाका कपडा टोपि उत्पादन /बिक्री पसल | १५०० |
| ३.३० | सूचिकार टेलर्स कपडा समेत भएको | ३,००० |
| ३.३१ | सूचिकार टेलर्स | १,५०० |
| ३.३२ | पुराना कपडा तथा घरायसी सामान भाडामा लिने/ दिने | २५०० |
| ३.३३ | जुत्ता कारखाना | ५,००० |
| ३.३४ | जुत्ता सिउने/ जुत्ता पसल | १,५०० |
| ३.३५ | व्याग उद्योग | ३,००० |
| ३.३६ | व्याग पसल | १,५०० |

| क्र.सं. | विवरण | दर रेट रु |
|---|---|---|
| ४ | विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा | |
| ४.१ | चिकित्सक | |
| ४.१.१ | डक्टर | ७,००० |
| ४.१.२ | कविराज | १,५०० |
| ४.२ | इन्जिनियर (कन्सल्टयान्सी परामर्श सेवा) | |
| ४.२.१ | क वर्ग (इन्जिनियर) | ७,००० |
| ४.२.२ | ख वर्ग (जुनियर इन्जिनियर) | ४,००० |
| ४.३ | कानुन व्यवसायी | |
| ४.३.१ | वरिष्ठ | ७,००० |
| ४.३.२ | अन्य | ५,००० |
| ४.४ | लेखा परिक्षक | |
| ४.४.१ | क वर्ग लाइसेन्स होल्डर/ सि.ए | ७,००० |
| ४.४.२ | ख वर्ग लाइसेन्स होल्डर | ५,००० |
| ४.४.३ | ग वर्ग लाइसेन्स होल्डर | ३,००० |
| ४.४.४ | घ वर्ग लाइसेन्स होल्डर | २,००० |
| ४.५ | दन्त चिकित्सक | ३,००० |
| ४.६ | अनुसन्धान कर्ता तथा परामर्श सेवा | ३,००० |

| क्र.सं. | विवरण | दर रेट रु |
|---|---|---|
| ४.७ | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर सफ्टवेयर डेभलपर्स कम्पनी/ IT Processing कम्पनी | १०,००० |
| ४.८ | बीमा एजेन्ट / अभिकर्ता | ३,००० |
| ४.९ | सर्भेयर | ४,००० |
| ४.१० | अनुवादक | २,००० |
| ४.११ | पशु चिकित्सक | ३,००० |
| ४.१२ | सामान ढुवानी कर्ता तथा कम्पनी | |
| ४.१२.१ | बाहय | ५,००० |
| ४.१२.२ | आन्तरिक | ३,००० |
| ४.१२.३ | एयर कार्गो | ६,००० |
| ५ | निर्माण व्यवसाय | |
| ५.१ | विद्युत जडान/टावर /पोल निर्माण/जडान | १०,००० |
| ५.२ | केवलकार /जिप लाइन जडान तथा सञ्चालन (मुख्य कार्यालय ) | १,००,००० |
| ५.३ | केवलकार /जिप लाइन जडान तथा सञ्चालन (सम्पर्क कार्यालय ) | ३०,००० |
| ५.४ | दुरसञ्चारको सामग्री/टावर जडान/मर्मत गर्ने | १०,००० |

| क्र.सं. | विवरण | दर रेट रु |
|---|---|---|
| ५.५ | इट्टाभट्टा व्यवसाय | |
| ५.५.१ | आ.व. ०७२/०७३ देखि ०७५/०७६ सम्म | १,००,००० |
| ५.५.२ | आ.व. ०७६ /०७७ देखि | ५,००,००० |
| ५.६ | चिम्नी भट्टा नराखी कांचो इट्टा बनाई ढुवानी गर्ने (प्रारम्भिक वातावरणीय परिक्षण Initial Environmental Examination (IEE))प्रतिवेदनबाट उपयुक्त ठहरेमा प्रतिवेदन सहित सम्बन्धित निकायमा दर्ता गरेको प्रमाण पेश गरे पश्चात मात्र दर्ता गरिने पूंजिको आधारमा | |
| ५.६.१ | रू.१० लाख सम्म | १०,००० |
| ५.६.२ | रु.१० लाख भन्दा माथि ५० लाख सम्म | २५,००० |
| ५.६.३ | रु.५० लाख भन्दा माथि १ करोड सम्म | ५०,००० |
| ५.६.४ | रु.१ करोड भन्दा माथि | १,००,००० |
| ६ | उत्पादन मूलक उद्योग | |
| ६.१ | कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गइरहेको माल सामानको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने उद्योग व्यवसायमा | |

| क्र.सं. | विवरण | दर रेट रु |
|---|---|---|
| ६.१.१ | ठूला उद्योग | १०,००० |
| ६.१.२ | मझौला उद्योग | ५,००० |
| ६.१.३ | साना घरेलु उद्योग लघु उद्योग | २,००० |
| ७ | उर्जामूलक उद्योग | |
| ७.१ | जलश्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृत्तिक तेल, ग्यांस, वायोग्यांस तथा अन्य श्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा | १०,००० |
| ८ | कृषि तथा वनजन्य उद्योग | |
| ८.१ | मूलतः कृषि वा वन पैदावारमा आधारित उद्योग व्यवसायमा | |
| ८.१.१ | कृषि उद्योग | ४,००० |
| ८.१.२ | कृषि व्यवसाय  तरकारी, कुखुरा, माछा, मौरी बंगुर पालन आदि | १,५०० |
| ८.१.३ | कृषि सामग्री हेभी इक्विप्मेन्ट आयात निर्यात | १०,००० |
| ८.१.४ | कृषि उत्पादन, तरकारी, फलफूल सप्लायर्स तथा होलसेल कारोवार | ३,००० |
| ८.१.५ | शित भण्डार | १०,००० |

| क्र.सं. | विवरण | दर रेट रु |
|---|---|---|
| ८.१.६ | दाना पसल होलसेल | ३,००० |
| ८.१.७ | दाना पसल खुद्रा | १,५०० |
| ८.१.८ | एग्रोभेट होलसेल | ३,००० |
| ८.१.९ | एग्रोभेट खुद्रा | १,००० |
| ८.१.१० | पशु पंछी आयात | १०,००० |
| ८.१.११ | पशु पंछी थोक विक्रेता सप्लायर्स | ५,००० |
| ८.१.१२ | कृषि उद्योग/पशु पन्छी पालन व्यवसाय | ४,००० |
| ९ | खनिज उद्योग | |
| ९.१ | खनिज उत्खनन् वा प्रशोधन गर्ने उद्योग व्यवसायमा | ७,००० |
| १० | पर्यटन उद्योग | |
| १०.१ | पर्यटक, आवास, मोटेल, होटेल, रेष्टुवरां, रिसोर्ट, ट्राभल एजेन्सी, स्कीइङ्ग, ग्लाइडिङ्ग, वाटर र्याफ्टीङ्ग, पोनी ट्रेकिङ्ग, पदयात्रा, हट एयर बलुनिङ्ग, प्यारा सेलिङ्ग, गल्फकोर्स, पोलो, अश्वारोहण आदि उद्योग व्यवसायमा | |
| १०.१.१ | पांच तारे होटल | ५०,००० |
| १०.१.२ | चार तारे होटल | ४०,००० |
| १०.१.३ | तीन तारे होटल | ३०,००० |
| १०.१.४ | दुई तारे होटल | २०,००० |
| १०.१.५ | एकतारे होटल | १०,००० |

| क्र.सं. | विवरण | दर रेट रु |
|---|---|---|
| १०.१.६ | एपार्टमेन्ट होटल | ८,००० |
| १०.१.७ | रेष्टुरेण्ट/तण्दुरी/फाष्टफूड सानो | ५,००० |
| १०.१.८ | रेष्टुरेण्ट एण्ड बार /तण्दुरी/फाष्टफूड ठुलो(१ करोड भन्दा माथि) | १०,००० |
| १०.१.९ | रेष्टुरेण्ट बार एण्ड डान्स / लाइभम्यूजिक दोहोरी साँझ | १२,००० |
| १०.१.१० | होटल एण्ड लज | १०,००० |
| १०.१.११ | भोजनालय / क्यान्टिन/ चिया नास्ता पसल | २,००० |
| १०.१.१२ | खाजा तथा खुल्ला मदिरा बिक्री पसल | ४,००० |
| १०.१.१३ | बिकसित चिया कफी आदि पसल Chiyaa Adda/ Tandori Chiya/Matka Chiya) | ५,००० |
| १०.१.१४ | मिठाई पसल ठूलो / बाह्य Brand | १२,००० |
| १०.१.१५ | मिठाई पसल ठूलो/ स्थानीय Brand | ५,००० |
| १०.१.१६ | चिया मिठाई/मःमः खाजा पसल | १,५०० |
| १०.१.१७ | गेष्ट हाउस / होस्टेल | ५,००० |

| क्र.सं. | विवरण | दर रेट रु |
|---|---|---|
| १०.१.१८ | रेष्टुरेन्ट सहितको गेष्ट हाउस | १०,००० |
| १०.१.१९ | ठूलो क्याफे शप(१००० वर्गफिट भन्दा ठूलो ) | १०,००० |
| १०.१.२० | सानो क्याफे शप (१००० वर्गफिट भन्दा सानो) | २,००० |
| १०.१.२१ | क्याविन डान्स वार | १५,००० |
| १०.१.२२ | ट्रेकिङ्ग सामान पसल | ३,००० |
| १०.१.२३ | ट्राभल / ट्रेकिङ्ग एजेन्सी | ५,००० |
| १०.१.२४ | पुल हाउस / स्नुकर | ५,००० |
| १०.१.२५ | होमस्टे (व्यक्तिगत) | २,००० |
| १०.१.२६ | होमस्टे (सामुदायिक) | ३,००० |
| १०.१.२७ | क्यासिनो | २,००,००० |
| १०.१.२८ | टुर अपरेटर | ४,००० |
| १०.१.२९ | रिसोर्ट (पूँजी कारोवारको आधारमा) | |
| १०.१.२९.१ | १ करोड सम्मको | १०,००० |
| १०.१.२९.२ | १ करोड भन्दा माथि ५ करोड सम्म | १५,००० |
| १०.१.२९.३ | ५ करोड भन्दा माथि २५ करोड सम्म | २५,००० |
| १०.१.२९.४ | २५ करोड भन्दा माथि ५० करोड सम्म | ३५,००० |

| क्र.सं. | विवरण | दर रेट रु |
|---|---|---|
| १०.१.२९.५ | ५० करोड भन्दा माथि ७५ करोड सम्म | ५०,००० |
| १०.१.२९.६ | ७५ करोड भन्दा माथि | १,००,००० |
| १०.१.३० | फनपार्क (प्रदेश सरकारले तोको बमोजिम प्रति टिकट रु. ५/- का दरले मनोरन्जन कर लिनुपर्ने) | २०,००० |
| १०.१.३१ | बुटिक होटल | १०,००० |
| १०.१.३२ | हुक्का व्यापार ठुलो | १५,००० |
| १०.१.३३ | हुक्का व्यापार सानो | १०,००० |
| १०.१.३४ | पार्क पिकनिक स्पट | ५,००० |
| १०.१.३५ | मसाज पार्लर स्पा लगायत | ५,००० |
| ११ | सेवा उद्योग | |
| ११.१ | छापाखाना, परामर्श सेवा, जिनिङ्ग तथा वेलिङ्ग व्यवसाय, चलचित्र व्यवसाय, सार्वजनिक परिवहन व्यवसाय, फोटोग्राफी, प्रयोगशाला, हवाई सेवा, शीत भण्डार आदि उद्योग व्यवसायमा | |
| ११.१.१ | चलचित्र (प्रति स्किन ) | १५,००० |
| ११.१.२ | Event Management (कार्यक्रम व्यवस्थापन ) व्यवसाय | ७,००० |
| ११.१.३ | चलचित्र डिष्ट्रीब्यूटर्स | १०,००० |

| क्र.सं. | विवरण | दर रेट रु |
|---|---|---|
| ११.१.४ | सार्वजनिक परिवहन व्यवसाय (लामो दुरीका यातायातहरुको टिकट बेच्ने काउण्टर ) | २,००० |
| ११.१.५ | हवाई सेवा | १०,००० |
| १२ | निर्माण उद्योग | |
| १२.१ | सडक, पुल, रोपवे, रेलवे, ट्रलिबस, मेल, फ्लाइङ्ग वृज तथा औद्योगिक, व्यापारिक एवं आवास कम्प्लेक्स आदि निर्माण गरी संचालन गर्ने उद्योग व्यवसायमा | |
| १२.१.१ | क श्रेणी मुख्य / शाखा कार्यालय | १५,००० |
| १२.१.२ | ख श्रेणी मुख्य / शाखा कार्यालय | १२,००० |
| १२.१.३ | ग श्रेणी मुख्य / शाखा कार्यालय | ९,००० |
| १२.१.४ | घ श्रेणी मुख्य / शाखा कार्यालय | ४,००० |
| १२.१.५ | वर्ग नखुलेको निर्माण व्यवसाय | ४,००० |
| १३ | संचार सेवा | |
| १३.१ | निजी क्षेत्रको हुलाक सेवा । कुरियर सर्भिस | ५,००० |

| क्र.सं. | विवरण | दर रेट रु |
|---|---|---|
| १३.१.१ | निजी क्षेत्रका टेलिफोन,फ्याक्स सेवा, फोटोकपी, फोन , इमेल, इन्टरनेट, आइ.डी.टि.एस, रेडियो पेजिङ्ग आदि | २,००० |
| १३.२ | एफ.एम. | १०,००० |
| १३.३ | कम्युनिकेशन डिष्ट्रीब्यूटर्स इन्टरनेट सेवा | |
| १३.३.१ | मुख्य कार्यालय | २०,००० |
| १३.३.२ | शाखा कार्यालय (प्रति शाखा ) | १०,००० |
| १३.४ | विद्युतीय माध्यमबाट गरिने विज्ञापन | ३,००० |
| १३.५ | दुरदर्शन प्रसारण सेवा (डिस होम, सिम ,टि.भी जस्ता मुख्य कार्यालय | ५०,००० |
| १३.६ | दुरदर्शन प्रसारण सेवा (डिस होम, सिम ,टि.भी जस्ता शाखा कार्यालय | ३०,००० |
| १३.७ | दुरसञ्चार सेवा | |
| १३.७.११. | मुख्य कार्यालय | ५०,००० |
| १३.७.२ | शाखा कार्यालय (प्रति शाखा ) | २५,००० |
| १३.८ | फिल्म डिष्ट्रीव्युटर | |

| क्र.सं. | विवरण | दर रेट रु |
|---|---|---|
| १३.८.१ | स्वदेशी | २,५०० |
| १३.८.२ | विदेशी | ५,००० |
| १३.९ | सि.सि.टिभी जडान व्यवसाय | ५,००० |
| १३.१० | छपाई तथा प्रकाशन | |
| १३.१०.१ | एमोनिया प्रिन्ट | १,५०० |
| १३.१०.२ | फोटोकपी | १,५०० |
| १३.१०.३ | अफसेट प्रेस/प्रिन्टिङ्ग प्रेस/ पत्रिका प्रकाशन / लेटर प्रेस | ५,००० |
| १३.१०.४ | फ्लेक्स बोर्ड प्रिन्ट | ४,००० |
| १३.१०.५ | ग्राफिक्स डिजाइनिङ्ग | ५,००० |
| १३.१०.६ | स्क्रिन प्रिन्ट | २,००० |
| १३.१०.७ | अनलाईन पत्रिका प्रकाशन | ३,००० |
| १३.११ | कपि उद्योग | ३,००० |
| १३.१२ | स्टेशनरी/ पुस्तक पसल खुद्रा | १,५०० |
| १३.१३ | स्टेशनरी / पुस्तक ठूलो/ सप्लायर्स | ३,००० |
| १४ | वित्तीय सेवा | |
| १४.१ | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोवार गर्ने बैंक | |
| १४.१.१ | क वर्ग | |
| १४.१.१.१ | मुख्य कार्यालय | २,००,००० |

| क्र.सं. | विवरण | दर रेट रु |
|---|---|---|
| १४.१.१.२ | शाखा कार्यालय | ५०,००० |
| १४.१.२ | ख वर्ग | |
| १४.१.२.१ | मुख्य कार्यालय | १,२०,००० |
| १४.१.२.२ | शाखा कार्यालय | ४०,००० |
| १४.१.३ | ग वर्ग (फाइनन्स कम्पनी) | |
| १४.१.३.१ | मुख्य कार्यालय | २५,००० |
| १४.१.३.२ | शाखा कार्यालय | १५,००० |
| १४.१.४ | घ वर्ग (लघुवित्त) | |
| १४.१.४.१ | मुख्य कार्यालय | २०,००० |
| १४.१.४.२ | शाखा कार्यालय | १०,००० |
| १४.१.५ | सहकारी संस्थाको अघिल्लो आ.व. को लेखा परिक्षण प्रतिवेदनको वासलात (Balance Sheet )को आधारमा | |
| १४.१.५.१ | ५० लाख सम्मको | ४,००० |
| १४.१.५.२ | ५० लाख भन्दा वढी ५ करोड सम्म | ७,००० |
| १४.१.५.३ | ५ करोड भन्दा बढी १० करोड सम्म | ९,००० |
| १४.१.५.४ | १० करोड भन्दा बढी २५ करोड सम्म | १२,००० |
| १४.१.५.५ | २५ करोड भन्दा बढी ५० करोड सम्म | १५,००० |
| १४.१.५.६ | ५० करोड भन्दा बढी | २०,००० |

| क्र.सं. | विवरण | दर रेट रु |
|---|---|---|
| १४.१.६ | बिमा कम्पनी | |
| १४.१.६.१ | बिमा कम्पनी (मुख्य कार्यालय) | २०,००० |
| १४.१.६.२ | बिमा कम्पनी (शाखा कार्यालय) | १८,००० |
| १४.१.७ | शेयर ब्रोकर | १५,००० |
| १४.१.८ | एटिएम / बैंक काउण्टर | १०,००० |
| १४.१.९ | इलेक्ट्रोनिक्स वित्तीय सेवा | १०,००० |
| १४.१.१० | विदेशी मुद्रा सतही काउन्टर / रेमिटयान्स /इन्भेष्टमेन्ट कम्पनी | १०,००० |
| १४.१.११ | ATM Lounge | १०,००० |
| १४.१.१२ | सहकारी संस्था (समूहबाट सञ्चालित ) | १,००० |
| १४.१.१३ | वित्तीय संस्था (बैंक /इन्स्योरेन्स / कम्पनी /रेमिटयान्स / बिमा कम्पनी तथा जलविद्युत ( हाइड्रो पावर कम्पनीको सम्पर्क कार्यालय | १०,००० |
| १४.१.१४ | अन्य सम्पर्क कार्यालय | ५,००० |
| १५ | स्वास्थ्य सेवा | |
| १५.१ | गैह्र सरकारी अस्पताल : | |

| क्र.सं. | विवरण | दर रेट रु |
|---|---|---|
| १५.१.१ | १०१ बेड भन्दा माथि | ६०,००० |
| १५.१.२ | ५१ देखि १०० बेड सम्म | ३०,००० |
| १५.१.३ | २६ देखि ५० वेड सम्म | २०,००० |
| १५.१.४ | २५ बेड सम्म | १०,००० |
| १५.२ | हेल्थ क्लब / स्पा /स्वीमिङ्ग पुल आदि सहितको हस्पिटल | |
